# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

प.सं.
च.नं.

## आय ठेक्का बन्दोबस्तीको बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/०२/२७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम आ.व.२०८३/८४ र २०८४/८५ गरि दुई आर्थिक वर्षका लागि तिलोत्तमा नगरपालिकाले निर्माण, रेखदेख र संचालन गरेका हाटबजारमा बहाल बिटौरी शुल्क र दफा ६१ बमोजिम व्यवसायिक प्रयोगका लागि नगरक्षेत्रमा संकलन हुने कवाडीजन्य मालवस्तुमा कवाडी कर उठाउने कार्यको तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम ठेक्का बन्दोबस्ति प्रकृयाबाट गराउनुपर्ने भएकोले देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

### शर्तहरु

१. निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको राजश्व खाता नं. १०५२०५५४९९५९९०१२ मा तोकएको दस्तूर (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर वा रसिद, नविकरण गर्नुपर्ने भए नविकरण भएको फर्मदर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले २१ औं दिन अर्थात मिति २०८३ असार १६ गते कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फाराम लिन गर्न सकिनेछ ।

२. दुई आर्थिक वर्षको लागि ठेक्काको न्युनतम अंक देहाय बमोजिम रहेको छ ।

| आय ठेक्का नं. | विवरण | न्युनतम अंक रु. | धरौटी | बोलपत्र दस्तूर रु. |
|---|---|---|---|---|
| ०१/२०८३/८४ | कवाडी मालवस्तु निकासी ठेक्का | ४०,००,०००.०० | मु.अ. कर बाहेकको कबोल रकमको ५ प्रतिशतले हुने रकम वा सो बराबरको बैंक जमानत | ३०००.०० |
| ०२/२०८३/८४ | योगीकुटी (सोमबार, बिहीबार) | ६२,८४,०००.०० | | ३०००.०० |
| | सिमानगर (शनिवार, बुधवार) | | | |
| ०३/२०८३/८४ | ड्राइभरटोल (शुक्रबार र मंगलबार) | ६९,७२,०००.०० | | ३०००.०० |
| | गणेशपुर (आईतबार, बिहीबार) | | | |
| ०४/२०८३/८४ | सेमरा (सोमबार, बिहीवार) | ५६,००,०००.०० | | ३०००.०० |
| | भलवारी (बुधवार) | | | |
| ०५/२०८३/८४ | कोटीहवा (~~सोमवार, बिहिवार~~) शनिवार | ५३,५४,०००.०० | | ३०००.०० |
| | बनकट्टी (सोमवार, बिहीवार) | | | |
| ०६/२०८३/८४ | कान्छिबजार (शुक्रबार, मंगलबार) | ३३,९०,०००.०० | | ३०००.०० |
| | रामनगर (शनिवार) | | | |
| | शिवपुर (शुक्रवार) | | | |
| | भुल्का (बिहीवार) | | | |
| | नौ नम्बर (बुधवार, आईतवार) | | | |

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np

Manigram, Rupandehi

३. बोलपत्र फारममा आफुले बुझाउन कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी लेखी सहीछाप गरी फारमसाथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं. ए५सिए ५४९९५९९५२४०३ मा जम्मा गरेको सक्कलै भौचर वा नब्बे दिनको म्याद भएको बैंक र बोलपत्र खरिद गरेको नगदी रसिद समेत एउटै खामभित्र राखेर सिलवन्दी गर्नुपर्नेछ । सिलवन्दी खामको बाहिरपट्टी एकातर्फ बोलपत्रदाताको नाम ठेगाना र अर्कोतर्फ तिलोत्तमा नगरपालिकालाई सम्बोधन गरी ठेक्का नं. र ठेक्काको नाम समेत उल्लेख गर्नपर्नेछ । बोलपत्र फाराममा कबोल रकम लेख्दा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिईनेछ ।

४. सूचना प्रकाशन भएको मितिले २२ औं दिन अर्थात मिति २०८३ असार १७ गते दिनको १२.०० वजेभित्र यस कार्यालयमा बोलपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिनेछ । प्रतिनिधि उपस्थित नभएमा पनि सोही समयमा खोल्न वाधा पर्नेछैन ।

५. बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौताका वखत आफुले बुझाउन कबोल गरेको रकमको पचास प्रतिशतले हुन आउने रकम प्रथम किस्ता (आर्थिक वर्ष २०८३/८४ का लागि) वापत नगरपालिकाको खातामा दाखिला गरी सोको नगदी रसिद र दाखिला गर्न बांकी रकमका लागि नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य बैंकले २०८४ श्रावण मसान्त सम्म म्याद सहित यस कार्यालयको नाममा जारी गरेको सक्कलै बैंक जमानत पेश गरी ठेक्का सम्झौता गर्नुपर्नेछ । ठेक्काको कबोल रकम सम्झौताका वखत एकमुष्ठ रुपमा दाखिला गर्न पनि सकिनेछ । तर एकमुष्ठ रुपमा दाखिला गरे वापत कुनै प्रकारको छुट हुने छैन ।

७. दाखिला गर्न बाँकी अन्तिम किस्ता (आर्थिक वर्ष २०८४/८५ का लागि) रकम २०८४ आषाढ २० गते भित्र दाखिला गरी आर्थिक वर्ष २०८४/८५ लागि ठेक्का नवीकरण गर्नुपर्नेछ । उक्त अवधिमा रकम दाखिला हुन नआएमा बैंक जमानतबाट असुल गरिनेछ ।

८. न्युनतम अंकमा मू.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका वखत कबोल अंकको डेढ प्रतिशत (१.५%) ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

९. ठेक्काको कूल अवधि दुई आर्थिक भएता पनि सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१०. बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावी गर्न पाईने छैन । तर कावु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

११. यस सूचनामा उल्लेख विषयहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून वमोजिम हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

हाटबजार कर सम्बन्धमा थप शर्तहरु

१२. हाटबजार रहेका वडाका कृषकले उत्पादन गरेको उपज बिक्री गर्नका लागि कूल बैठकीको पाँच प्रतिशत बैठकी त्यस्ता कृषकलाई मात्र निःशुल्क रुपमा उपलब्ध गराउनुपर्नेछ ।

१३. तिलोत्तमा नगरपालिका खुला पोलिथिन मुक्त नगरपालिका घोषणा भईसकेको हुँदा हाटबजारमा पनि पोलिथिन झोला प्रयोग गर्न पाईनेछैन । साथै हाटबजारका हरेक बिक्रेताले आफ्नो फोहर आफ्नै झोला वा बोरामा संकलन गरि बैठकी सफा राख्नुपर्नेछ । यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ठेकेदार स्यमंले गर्नुपर्नेछ ।

१४. हाटबजारका व्यापारीसँग समन्वय गरी उचित शुल्क लिएर हाटबजारमा रहेको खानेपानीको महशुल बुझाउने, धारा तथा शौचालयको सामान्य मर्मत गर्ने, शौचालय र फोहरमैलाको व्यवस्थापन गर्ने कार्य बोलपत्रदाता आफैले गर्नुपर्नेछ । खानेपानी लाईन काटिएमा पुनः जडान खर्च, हर्जाना सहितको महशुल वा अन्य तवरले फोहरमैला व्यवस्थापन गर्दा लागेको खर्च ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१५. हाटबजारमा रहेको विद्युतको सामान्य मर्मत खर्च र वढिमा पच्चिस वाट सम्मको एक थान सि.एफ.एल/एल.इ.डि वल्वको महशुल भुक्तानी ठेकेदार आफैले गर्नुपर्नेछ । व्यवसायीले थप विद्युत उपभोग गर्न परेमा थप महशुल ठेकेदारलाई बुझाउनु पर्नेछ । व्यवसायीबाट महशुल असुल गरी समयमा विद्युत महशुल नवुझाई विद्युत लाईन काटिएमा पुनः जडान गर्दा लाग्ने खर्च र हर्जाना सहितको महशुल ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१६. हाटवजार ठेक्कामा पार्किङ्ग शुल्क उठाउने कार्य समावेस नभएका हुँदा यी ठेक्का लिएकै आधारमा पार्किङ्ग शुल्क उठाउन पाईने छैन ।

कवाडी मालवस्तु निकासी कर सम्बन्धमा थप शर्तहरु

१७. कवाड मालवस्तु निकासी कर संकलन गर्दा कवाड संकलन केन्द्रबाटै संकलन गर्नुपर्नेछ । राजमार्ग वा सहायक मार्गमा तगारो राखी कर असुल गर्न पाईने छैन ।

१८. नगरपालिकाले अनुमति दिएका फोहरमैला संकलन/प्रशोधन एवं व्यवस्थापन केन्द्रले संकलन तथा बिक्री गर्ने कवाडी सामानमा यो कर लगाउन पाईनेछैन ।

१९. बोलपत्रदाताले कवाड मालवस्तु निकासी करको दररेट उल्लेख गरेको होर्डिङबोर्ड तयार गरी सबैले देख्ने गरी संकलन केन्द्रमा जडान गर्नपर्नेछ ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत